# जगन्नाथ गाँउपालिका
# गाउँकार्यपालिकाको कार्यालय
# शिक्षा यूवा तथा खेलकुद शाखा
# जुड्डी,बाजुरा

पत्र संख्या : २०८२। ०८३
च.नं. ६१

सुदूरपश्चिम प्रदेश,नेपाल

मिति: २०८३।०१।०७

श्री सामुदायिक तथा संस्थागत विद्यालहरु सबै,
जगन्नाथ गाउँपालिका,जुड्डी,बाजुरा ।

**विषय: विद्यालय विदा,विद्यार्थी भर्ना र अध्ययन अध्यापन सम्बन्धमा।**

उपर्युक्त सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको पत्र संख्या २०८२।०८३, च. नं. ६७, मिति २०८२।१२।२६ को पत्रानुसार २०८३ को भर्ना अभियान वैशाख १५ गतेबाट शुरु हुने र २०८३ वैशाख २१ गतेबाट पठनपाठन सुरु हुने भनि सबै स्थानीय तहलाई पत्राचार भएको व्यहोरा अवगत नै छ। तथापी यस जगन्नाथ गाउँपालिकाका विभिन्न सरोकारवालाहरुबाट वैशाख १५ गतेदेखि भर्ना अभियान र ऐ. २१ गतेदेखि अध्ययन अध्यापनको कार्य गर्दा विद्यार्थीहरुको अध्ययन अध्यापनमा अवरोध हुने, पाठ्यक्रम अनुसारको वार्षिक कार्यघण्टा नपुगी शिक्षाको गुणस्तरमा कमि हुने, विद्यालयमा अध्ययन अध्यापन हुने दिन कम हुने हुँदा विद्यालयमा यथाशिघ्र विद्यार्थी भर्ना र अध्ययन अध्यापन सुचारुका लागि मिति २०८२।१२।१५ गतेको बसेको जगन्नाथ गाउँशिक्षा समितिको निर्णय नं २ बमोजिम मिति २०८३।०१।०२ गते देखि १२ गतेसम्म विद्यालर्थी भर्ना अभियान र २०८३।०१।१३ गतेबाट विद्यालयमा नियमित पठनपाठन सुरुगर्ने निर्णय गरि अनुरोध भई आएकोले यस जगन्नाथ गाउँकार्यपालिकको मिति २०८३।०१।०६ गते बसेको ९५औं बैठकको निर्णयानुसार यस जगन्नाथ गाउँपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक र संस्थागत विद्यालयमा आइतबार विदा नदिनुको साथै विद्यार्थी भर्ना तथा अध्ययन अध्यापन सम्बन्धमा देहाय बमोजिम गर्ने गराउने निर्णय भएकोले सोही बमोजिम गर्नु गराउनु हुन जानकारी गराइन्छ।

धुव बहादुर शाही
शिक्षा शाखा प्रमुख

(धुव बहादुर शाही (शिक्षा शाखा प्रमुख))

देहाय:-

१) मिति २०८३ वैशाख १४ गतेदेखि यस जगन्नाथ गाउँपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयमा नियमित अध्यान अध्यापन सञ्चालन गर्ने।

बोधार्थ:-

१. जिल्ला शिक्षा विकास तथा समन्वय इकाई,मार्तडी,बाजुरा ।
२. शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

"'व्यवसायिक र सिर्जनशिलप्रशासन: विकास, समृद्धि र सुशासन'"

CamScanner